कार्यपालिका बैठक
मिति २०८२/१२/११
संख्या: ९-२०८२/०८३

आज मिति २०८२ साल चैत्र ११ गते बुधबारका दिन बिहान ८:०० बजे हरिहरपुरगढी गाउँपालिका, गाउँ कार्यपालिकाको नवौं बैठक गाउँपालिका अध्यक्ष श्री बज्रध्वज वाईवाज्यूको अध्यक्षतामा वसी तपसिलमा उल्लेखित प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री बज्रध्वज वाईवा | अध्यक्ष |
| श्री चेख वहादुर थिङ | उपाध्यक्ष |
| श्री जित वहादुर थिङ | वडा अध्यक्ष |
| श्री विश्व राई | वडा अध्यक्ष |
| श्री कुल वहादुर भोलन | वडा अध्यक्ष |
| श्री कमल कुमार राई | वडा अध्यक्ष |
| श्री साईला लामा | वडा अध्यक्ष |
| श्री यक वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री विच वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री धन वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री सन्तली राई दनुवार | कार्यपालिका सदस्य |
| श्री मोहनकाजी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री छलिमाया मुक्तान | कार्यपालिका सदस्य |
| श्री दुर्गामाया विक | कार्यपालिका सदस्य |
| श्री सोमीमाया रानामगर | कार्यपालिका सदस्य |
| श्री दिल कुमारी कामी | कार्यपालिका सदस्य |
| श्री सन्तोष सुवेदी(प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

सहयोगी

| | |
|---|---|
| श्री किरण राई | अधिकृत छैठौं |

कार्यपालिका बैठक
मिति २०८२/१२/११
संख्या: ९-२०८२/०८३

**प्रस्तावहरु:**

१. कार्यविधि पारित सम्बन्धमा।

२. अनियमित बेरुजु फछ्र्योट सम्बन्धमा।

३. विद्यालयले गरेको निर्णय सदर गरि पदपूर्ती गर्ने सम्बन्धमा।

४. कर्मचारी पदपूर्ती गर्ने सम्बन्धमा।

५. कर्मचारी सरुवा सहमती सम्बन्धमा।

६. आर्थिक सहयोग सम्बन्धमा।

७. हिउँदे गाउँसभामा पेश गर्ने प्रस्तावहरुको सम्बन्धमा।

८. वालमैत्री स्थानिय शासन कार्यान्वयन सम्वन्धमा ।

९. फर्निचर तथा ICT सामाग्री खरिद सम्वन्धमा।

१०. खर्च भुक्तानी तथा अनुमोदन सम्बन्धमा।

११. मनोसामाजिक विमर्शकर्ता नियुक्ति गर्ने सम्वन्धमा।

१२. मानसिक रोगको औषधी खरिद सम्वन्धमा।

१३. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्वन्धमा।

१४. आ व २०८२।०८३ को संशोधित वजेट गाउँसभामा पेश गर्ने सम्वन्धमा।

१५. विविध।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकाको विधेयक समितिलाई कार्यविधि र रणनीति तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिए अनुसार तयार भएको तपशिल अनुसारका कार्यविधी र रणनीति पारित गर्ने निर्णय गरियो।

क) हरिहरपुरगढी गाउँपालिका उपभोक्ता समिति दर्ता सम्वन्धी कार्यविधि, २०८२

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा, मिति २०८२/१०/२७ गते महालेखापरीक्षकको कार्यालय, वागमति प्रदेश लेखापरीक्षण निर्देशनालयवाट प्राप्त आ.व. २०८१/०८२ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरियो। साथै समय सिमा भित्र फछ्यौंट गरि सम्परीक्षण गराउनु पर्ने व्यहोराहरुको सम्बन्धमा यस हरिहरपुरगढी गाउँपालिका कार्यालयको लेखा समितिबाट निर्णय भई आएका सम्पूर्ण प्रस्तावहरु गाउँसभामा पेश गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिका वडा नं १ मा सञ्चालित जनकल्याण निम्न माध्यमिक विद्यालय गुर्जीडाँडा ककरे विद्यालयमा हरिहरपुरगढी गाउँपालिका बाट विद्यालय अनुगमनको क्रममा २०८२ असोज १ गते देखि २०८२ मंसिर २ गते सम्म सो विद्यालयमा कार्यरत कर्मचारी (कार्यालय सहयोगी) मकलाल वल अनुपस्थित पाएकोले सो सम्वन्धमा

गाउँपालिका कार्यालयबाट च. नं. ७५७ मिति २०८२/०८/०३ गते स्पष्टिकरणको लागि पत्राचार समेत गरेको साथै विद्यालय व्यवस्थापन समितिको मिति २०८२ फागुन ३० गते बसेको बैठकको निर्णयानुसार निजलाई पदमुक्त गरिएको निर्णय र विद्यालयको च. नं. ३५ मिति २०८२/१२/०१ गतेको जानकारी पत्रानुसार निज लाई पदमुक्त गरिएको हुँदा सो निर्णयलाई सदर गर्दै उक्त पदमा नयाँ विज्ञापन गर्नको लागि अनुमति दिने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा, यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन बमोजिमको रिक्त रहेका तपसिल बमोजिमको पदमा करार सेवा मार्फत विज्ञापन गरी पदपुर्ती गर्ने निर्णय गरियो।

तपसिल

क) सहायक कम्प्युटर अपरेटर (सहायकस्तर चौथो) - २ जना
ख) अ.न.मी (सहायकस्तर चौथो) - २ जना
ग) गाउँ प्रहरी जवान (श्रेणी विहिन) - २ जना

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस गाउँपालिकाको लागि प्राप्त दरवन्दि तेरिज बमोजिम यस कार्यालयमा रिक्त रहेको तपसिल बमोजिमको सेवा/समूह/पदहरुमा सरुवा भई आउन चाहने कर्मचारीहरुलाई सरुवा सहमति प्रदान गर्न सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | सेवा/समुह/पद | तह | रिक्त पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासन/सामान्य प्रशासन/अधिकृत | छैठौं | १ | |
| २ | प्रशासन/लेखा/लेखा सहायक | पाँचौ | १ | |
| ३ | प्रशासन/सामान्य प्रशासन/सहायक | पाँचौ | २ | |
| ४ | विविध सहायक महिला विकास निरिक्षक | चौथो | १ | |
| ५ | प्रशासन/सामान्य प्रशासन/सहायक | चौथो | ३ | |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिका अन्तर्गत रहेका तपसिलमा उल्लेखित व्यक्ति/संस्थाहरुलाई विपद् व्यवस्थापन कोष, आर्थिक सहायता खर्च शीर्षक, मर्मत संभार कोष शीर्षक तथा सम्बन्धित शीर्षकवाट स्रोतको सुनिश्चित गरि भुक्तानी दिने निर्णय गरियो।

तपसिल

| सि.नं. | निवेदकको नाम | विवरण | ठेगाना | निर्णय भएको रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | टंक कुमारी | हावाहुरीले | हरिहरपुरगढी-८ | १०,०००।- | हावाहुरीले |

कार्यपालिका बैठक
मिति २०८२/१२/११
संख्या: ९-२०८२/०८३

| सि.नं. | निबेदकको नाम | विवरण | ठेगाना | निर्णय भएको रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| | मैनाली | घरको छाना उडाएको | | | छाना उडाएको |
| २. | श्याम बहादुर भुजेल | हावाहुरीले घरको छाना उडाएको | हरिहरपुरगढी-८ | १०,०००।- | हावाहुरीले छाना उडाएको |
| ३. | मैना तामाङ लो | आर्थिक सहायता | हरिहरपुरगढी-८ | १०,०००।- | क्यान्सर पिडित उपचार भई रहेको |
| ४. | पासाङ जिम्वा | आर्थिक सहायता | हरिहरपुरगढी-६ | ४०,०००।- | कलेजो रोग |
| ५. | अनुस राई (काले .राई) | आर्थिक सहायता | हरिहरपुरगढी-६ | ४०,०००।- | दायाँ हात ग्रेडर मेशिनले काटेको |
| ६. | कृष्ण बहादुर गदाईली | आर्थिक सहायता | हरिहरपुरगढी-२ | ५०,०००।- | एपेण्डिस साईड भई उपचार भई रहेको |
| ७. | भक्त बहादुर राई | आर्थिक सहायता | हरिहरपुरगढी-४ | २०,०००।- | क्यान्सर पिडित उपचार भई रहेको |
| ८ | जगत बहादुर राई | आर्थिक सहायता | हरिहरपुरगढी-४ | ९०,०००।- | क्यान्सर पिडित उपचार भई रहेको |
| ९ | नवराज राई | आर्थिक सहायता | हरिहरपुरगढी-४ | ९०,०००।- | क्यान्सर पिडित उपचार भई रहेको |
| १० | मलङ्गा घिसिङ | आर्थिक सहायता | हरिहरपुरगढी-६ | ५०,०००।- | क्यान्सर पिडित उपचार भई रहेको |

CamScanner

कार्यपालिका बैठक
मिति २०८२/१२/११
<u>संख्या: ९-२०८२/०८३</u>

| सि.नं. | निबेदकको नाम | विवरण | ठेगाना | निर्णय भएको रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|
| ११ | बिर्ख बहादुर मोक्तान | आर्थिक सहायता | हरिहरपुरगढी-४ | १,५०,०००।- | CKD-V with HTN |
| १३ | रहरमान बम्जन | आर्थिक सहायता | हरिहरपुरगढी-६ | ९०,०००।- | शरिर सुक्ने रोग |
| १४ | कर्ण बहादुर यस्माली | आर्थिक सहायता | हरिहरपुरगढी-७ | १०,०००।- | हावाहुरीले छाना उडाएको |
| १५ | रमेश थोकर | आर्थिक सहायता | हरिहरपुरगढी-१ | १०,०००।- | आर्थिक सहयोग |
| १६ | जनता आधाभुरत बिद्यालय | आर्थिक सहायता | हरिहरपुरगढी-२ | १५,०००।- | नेट ईनभटर खरिद |
| १७ | ठुली माया गोले | आर्थिक सहायता | हरिहरपुरगढी-१ | १०,०००।- | आर्थिक सहयोग |
| १८ | छत्र बहादुर मुक्तान | आर्थिक सहायता | हरिहरपुरगढी-१ | ३०,०००।- | मृगौला रोगी |

**७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा,** मिति २०८२/१२/११ दिउसो १ बजे हुने हिउँदे गाउँसभामा तपसिल बमोजिमको प्रस्तावहरु पेश गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

क) ऐन नियम पारित गर्ने सम्वन्धमा।

ख) कर्मचारीको तलवी प्रतिवेदन सम्वन्धमा।

ग) संघ तथा प्रदेश सरकार समक्ष पेश गर्ने योजनाहरु सम्वन्धमा।

घ) योजना शंसोधन तथा रकमान्तर सम्बन्धमा।

ङ) आम्दानी खर्च अनुमोदन सम्बन्धमा।

च) निर्णय अनुमोदन सम्बन्धमा।

छ) अनियमित वेरुजु फर्छ्यौट सम्वन्धमा।

ज) प्रशासनिक भवन निर्माणको लागि जग्गा प्राप्ति सम्वन्धमा।

झ) झनझने प्रहरी चौकीलाई ईलाका प्रहरी कार्यालय प्रस्ताव गर्ने सम्वन्धमा।

ञ) योजना बैंक सम्वन्धमा।

ट) विविध।

कार्यपालिका बैठक
मिति २०८२/१२/११
संख्या: ९-२०८२/०८३

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा, नेपाल सरकारको वालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ जारी गरेकोमा सो बमोजिम वालमैत्री स्थानिय शासन घोषणा कार्यविधि २०७९को दफा २० बमोजिम तहगत चरणहरु पुरा गरि सबै वडा र गाउँपालिका घोषणा गर्न यस हरिहरपुरगढी गाउँपालिकालाई मिति २०८५ भित्र वालमैत्री स्थानिय शासन कार्यान्वयन गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा, हरिहरपुरगढी गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रममा नेपाल सरकार-विशेष अनुदान चालु तर्फ "हरिहरपुरगढी गाउँपालिका भित्रका विद्यालयहरूको लागि फर्निचर तथा ICT व्यवस्थापन" अन्तर्गत रू. १,६५,००,०००।- (अक्षरेपी एक करोड पैसठ्ठी लाख मात्र) विनियोजन भई विद्यालयहरूवाट प्राप्त भएको माग, कार्यालयबाट निर्मित लागत अनुमान एवं खरिद गरिने सामाग्रीको प्रकार तथा आपुर्तीकर्ताको क्षमता एवं योग्यताको विविधताका आधारमा खरिद प्रक्रियालाई थप पारदर्शी, खुल्ला र अधिकतम प्रतिष्पर्धात्मक बनाउन फर्निचर एवं ICT तर्फका सामाग्रीहरुको समूह विभाजन गरि एकै सूचना मार्फत विद्युतीय बोलपत्रका माध्यमबाट खरिद प्रकृया अगाडी वढाउने निर्णय गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा, देहायमा उल्लेख भए अनुसार भुक्तानीं दिइसकेको रकम अनुमोदन गर्ने तथा भुक्तानीको लागि पेश भएको रकम भुक्तानी गर्ने निर्णय गरियो।

| सि.नं. | नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | मरिण स्पोर्ट क्लब, मरिण गाउँपालिका-०६, सिन्धुली | ५०,०००।- | मरिण खुल्ला व्याडमिन्टन प्रतियोगिता-२०८२ को लागि आर्थिक सहयोग |
| २. | राई उत्थान समाज नेपाल, हरिहरपुरगढी-२, सिन्धुली | १,५०,०००।- | माघे संक्रान्ति कार्यक्रम |
| ३ | दिपेन्द्र वहादुर माझी | ५०,०००।- | माझी जातिको महान पर्व लदी (कोशी) पुजा कार्यक्रम (गत आ.व. को) |
| ४ | दिल वहादुर थामी मगर | १,५०,०००।- | नेपाल मगर संघ ४ नं. वडा कमिटिद्धारा ४४ औं मगर दिवस कार्यक्रम |
| ५ | श्री जनता मा.वि. वखफर | १,००,०००।- | कक्षा ११ र १२ का विद्यार्थिहरुको शैक्षिक भ्रमण |
| ६ | श्री जनहित मा.वि. वोटेनी | ४०,०००।- | शैक्षिक भ्रमण |

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिका आत्माहत्या तथा मानसिक समस्याको जोखिमयुक्त क्षेत्र पर्ने भएकोले TPO नेपालको तर्फबाट ५० प्रतिशत तलव र ५०

प्रतिशत हरिहरपुरगढी गाउँपालिकाबाट तलब भुक्तान गर्नेगरी आ.व.२०८२/०८३ असार मसान्त सम्मको लागि सम्झौता तथा नियुक्ति गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकामा मानसिक स्वास्थ्यको समस्या बढ्दै गएको तथा मानसिक रोगिहरुले नियमित रुपमा सेवन गर्दै आइरहेको औषधी स्वास्थ्य संस्थामा उपल्ब्ध नभएको अवस्था रहेकोले उपयुक्त श्रोतबाट बजेट व्यवस्था गरि मानसिक रोगसम्बन्धी औषधी खरिद गर्ने निर्णय गरियो।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा, यस हरिहरपुरगढी गाउँपालिकाको आर्थिक विकास समितिको मिति २०८२/१२/१० गतेको तपसिल बमोजिमको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णयहरु:-

आ.व. २०८२/०८३ मा कृषि तथा पशु विकास तर्फको बागमती प्रदेश सरकारबाट प्राप्त कृषि तथा पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि कार्यपालिकाबाट गठित मूल्याङ्कन समितिको सिफारिस बमोजिम यस समितिबाट अनुमोदन गर्ने र कार्यपालिका वैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | आवेदकको नाम | ठेगाना | सम्पर्क/अख्तियार प्राप्त व्यक्ती | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री अर्गानिक कृषि तथा पशुपंक्षी फार्म | ह.पु.४, हाकपारा | लिला माया रखाल मगर | ८०००० | |
| २. | वनठाकुर बाखा पालन फार्म | ह.पु.३, मिक्चनडाँडा | दुर्गा वहादुर स्याङ्तान | ८०००० | |
| ३. | प्रभा कृषि तथा पशुपञ्छी फार्म | ह.पु.२, बखफर | प्रभा राई | ३०००० | |
| ४. | बिन्दा कृषि तथा पशुपञ्छी फार्म | ह.पु.२, बखफर | बिन्दा वि.क. | २०००० | |
| ५. | मेरो कृषि, मेरो पौरख कृषि तथा पशुपञ्छी फार्म | ह.पु.३, सोकन | भिम कुमारी आले मगर | १००००० | |
| ६. | वाईवा लोकल कुखुरा कृषि तथा पशुपञ्छी फार्म | ह.पु.२, श्रीपुर | सानुकान्छा वाईवा | ३०००० | |

Sangam

कार्यपालिका बैठक
मिति २०८२/१२/११
संख्या: ९-२०८२/०८३

| सि.नं. | आवेदकको नाम | ठेगाना | सम्पर्क/अख्तियार प्राप्त व्यक्ती | बजेट रु. | कैफियत |
|---|---|---|---|---|---|
| ७. | बाँदरे फलफुल उत्पादन फार्म | ह.पु.१, बाँदरे | अजय बोम्जन | ५०००० | |
| ८. | धुनधुने कृषि तथा पशुपञ्छी फार्म | ह.पु.२, झनझने | नारायण राई | १२०००० | |
| ९. | बोटेनी पशुपञ्छी कृषि फार्म | ह.पु.५, बोटेनी | रामकुमार माझी | ५०००० | |
| १०. | एम.के. एग्रिकल्चर एण्ड रिसर्च प्रा.लि. | ह.पु.३, सोकन टाँडी | मुकुन्द बहादुर पौडेल | ४०००० | |
| ११. | काँसभकार कृषि तथा पशुपञ्छी फार्म | ह.पु.८, काँसभकार | माईली माया बल | १००००० | |
| १२. | मामा भान्जा बहुउद्देश्यीय कृषि तथा पशुपञ्छी फार्म | ह.पु.६, बेसीटोल | कमल बहादुर भोलन | ५०००० | |
| १३. | केउरानी कृषि तथा पशुपञ्छी पालन फार्म | ह.पु.५, द्वारखोला | बेलीमाया वाईवा | ५०००० | |
| १४. | बरपिपल कृषि तथा पशुपञ्छी पालन फार्म | ह.पु.५, आँपटार | मनोराज योञ्जन | ५०००० | |
| १५. | मगर पशुपालन तथा कृषि फार्म | ह.पु.३, सोकन | मान कुमारी थापा | १५०००० | |

निर्णय नं. २

आ.व. २०८२/०८३ मा पशु विकास तर्फको संघिय सरकारबाट प्राप्त हे/साईलेज प्रवर्द्धन कार्यक्रम सञ्चालनार्थ प्रदेश तथा स्थानीय तहमा सर्शत वितिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को दफा १२ बमोजिमको कार्यक्रम कार्यान्वयन सहजिकरण समितिको सिफारिस बमोजिम यस समितिबाट अनुमोदन गर्ने र कार्यपालिका बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

तपसिल:

कार्यपालिका बैठक
मिति २०८२/१२/११
संख्या: ९-२०८२/०८३

| क.सं. | आवेदकको नाम | ठेगाना | स्वीकृत बजेट रु. | सम्पर्क व्यक्ति नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | MG Agro Farm | ह.पु.४, हाकपारा | १०००००/- | यम कुमार गोले | |
| २ | कालीलेख कृषि तथा पशुपञ्छी फर्म | ह.पु.८, कालीखेल | ५००००/- | सनमान बम्जन | |
| ३ | घाम छाँया बँगुर फार्म | ह.पु.५.बोटेनी | १०००००/- | गोपीलाल माझी | |
| ४ | चक्र कृषि तथा पशुपञ्छी फार्म | ह.पु.२, बखफर | १०००००/- | चक्र बहादुर राई | |
| ५ | प्रयास कृषि तथा पशुपन्छी फार्म | ह.पु.२, रतनपुर | १०००००/- | सुजन राई | |
| ६ | सुनाखरी बहुउद्धेश्यीय कृषि फार्म | ह.पु.४, बसन | ५००००/- | अर्जुन बहादुर मुक्तान | |

निर्णय नं. ३

आ.व. २०८२/०८३ मा बागमती प्रदेश सरकारबाट प्राप्त विशेष अनुदानको मकैको उन्नत तथा हाईब्रिड बीउ उत्पादन सम्वन्धी खाद्य सुरक्षा आयोजना वडा नं. १ देखी ८ को कार्यक्रममा रहेको रु. ५०,००,०००/- बराबरको कार्यक्रम सञ्चालनका लागि तपसिल अनुसारको बजेट बाँडफाँड गरि उत्पादन गर्ने कृषकहरुलाई तपसिल अनुसारको कार्यक्रम शत प्रतिशत अनुदानमा सञ्चालन हुने गरि कार्यपालिका वैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

| प्रस्तावित बजेट तथा कार्यक्रम | | | | |
|---|---|---|---|---|
| क.सं. | कार्यक्रमको नाम | परिमाण | दर रु. | कूल जम्मा |
| १ | अन्तरक्रिया/अभिमुखिकरण कार्यक्रम | १ | २५०००० | २५०००० |
| २ | विषादी खरिद | १ | ५००००० | ५००००० |
| ३ | रासायनिक मल खरिद | १ | ३००००० | ३००००० |
| ४ | लेवलिङ्ग तथा प्याकेजिङ्ग तथा उत्पादित बीउ खरिद | | १०००००० | १०००००० |
| ५ | रोग तथा किरा व्यवस्थापन सम्बन्धी स्थलगत तालिम | १ | २५०००० | २५०००० |
| ६ | अध्ययन अवलोकन भ्रमण | १ | २५०००० | २५०००० |

कार्यपालिका बैठक
मिति २०८२/१२/११
संख्या: ९-२०८२/०८३

प्रस्तावित बजेट तथा कार्यक्रम

| क्र.सं. | कार्यक्रमको नाम | परिमाण | दर रु. | कूल जम्मा |
|---|---|---|---|---|
| ७ | कृषि औजार तथा सामाग्री खरिद | | १०००००० | १०००००० |
| ८ | मकैको विउ खरिद | | १००००० | १००००० |
| ९ | सिँचाई व्यवस्थापन | १ | १२००००० | १२००००० |
| १० | सार्वजनिक सुनुवाई | १ | १००००० | १००००० |
| ११ | ब्रोसर तथा पम्प्लेट छपाई | १ | ५०००० | ५०००० |
| जम्मा | | | | ५०००००० |
| अक्षेररुपी:- पचास लाख मात्र | | | | |

१४. **प्रस्ताव नं. १४ माथि छलफल गर्दा,** यस हरिहरपुरगढी गाउँपालिकाको आ व २०८२।०८३ को लागि विनियोजित बजेट तथा कार्यक्रमहरु मिति २०८२।१२।११ गते १ बजे हुने हिउँदे सभामा संशोधनको लागि पेश गर्ने निर्णय गरियो।

१५. **प्रस्ताव नं १५ विविध (क) माथि छलफल गर्दा,** यस हरिहरपुरगढी गाउँपालिकाको मिति २०८२/१२/११ गते हिउँदे गाउँसभा सञ्चालन तथा व्यवस्थापन गर्नुपर्ने भएकोले उक्त समयमा खटिने सम्वन्धित कर्मचारीहरूलाई अतिरिक्त कार्यबापतको पारिश्रमिक एक महिना तलव भत्ता वरावरको रकम प्रोत्साहन भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो।

१६. **प्रस्ताव नं १५ विविध (ख) माथि छलफल गर्दा,** यस हरिहरपुरगढी गाउँपालिकाको वडा नं १ मा उपयुक्त स्थान छनौट गरि साथै आवश्यक वजेटको समेत व्यवस्था गरि स्वास्थ्य शिविर सञ्चालन गर्न आवश्यक तयारी गर्ने निर्णय गरियो।

१७. **प्रस्ताव नं १५ विविध (ग) माथि छलफल गर्दा,** यस हरिहरपुरगढी गाउँपालिका वडा नं ८ को कार्यालयको मिति २०८२।१२।०२ गते अन्दाजी बेलुका ७:१५ बजेको भिषण हावाहुरीले वडा कार्यालयको भन्याङ्ग माथि जस्तापाता उडाई पूर्ण रुपमा क्षति भएकोले पुनः मर्मत गर्न प्राविधि लागत इस्टमेट अनुसार रु ८०,०००।– (अक्षेरेपी अस्सी हजार मात्र) वडा सचिव श्री दिपेन्द्र बहादुर माझीलाई अमानतमा काम गराई भुक्तानी दिने निर्णय गरियो।

CamScanner